चौरीदेउराली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्ग भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक
सिलवन्दी बोलपत्र आह्वानको सूचना

( प्रथम पटक प्रकाशित मितिः २०७५/१२/२४ गते) ( 7 April 2019 )

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७५/७६ को प्रदेश सरकारको शसर्त अनुदान बापत स्वीकृत कार्यक्रम र गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको निम्नानुसारका कार्य गराउनु पर्ने भएकाले इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट तपशिल शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) ईच्छुक बोलपत्र दाताहरुले रु ३,०००/(फिर्ता नहुने गरी) चौरीदेउराली गाउँपालिका कार्यालयको NCC बैंक, कात्तिके देउराली बजार स्थित ग-४-१ संचित कोष खाता नं. १४४००००००२६०१ मा जम्मा गरेको भौचर साथमा बोलपत्र दाताको व्यवसाय नविकरण भएको ईजाजतपत्र, आय कर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व २०७४/७५ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी E-Procurement मार्फत सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website www.bolpatra.gov.np/egp बाट सूचना प्रकाशित मितिले ३० औं दिन ( मिति २०७६/०१/२३) ( 6 May 2019) गतेका दिन भित्र खरिद गर्न सकिनेछ।

२) खरिद गरेको बोलपत्र कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई ३१ औं दिन ( मिति २०७६/०१/२४) ( 7 May 2019 ) दिनको १२:०० बजे भित्रमा PPMO Website www.bolpatra.gov.np/egp मा Upload गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३) बोलपत्र साथ तोकिए बमोजिमको जमानत रकम यस कार्यलयको NCC बैंक, कात्तिके देउराली बजार स्थित ग-३ धरौटी खाता नं. १४४००००००२९०१ मा जम्मा गरको सक्कल भौचर वा कम्तिमा बोलपत्र दाखिला हुने अन्तिम मितिले १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ।

४) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। BOQ (Bill of Quantities) मा उल्लेख गरको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५) एक फर्मको नामबाट खरिद भएको सिलबन्दी बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन।

६) कुनै कारण जनाई वा नजनाई बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

७) बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

८) बोलपत्र सम्बन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन ( संशोधन सहित ) २०६३ तथा सार्वजनिक खरिद नियमावली ( संशोधन सहित ) २०६४ र अन्य प्रचलित ऐन बमोजिम हुनेछ।

९) गाउँपालिकाले पारीत गरेको पुरक कार्यविधि बमोजिम सम्झौता गरिनेछ।

१०) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ।

११) माथि उल्लेखित सर्त बाहेक ठेक्का सम्बन्धि कार्य प्रचलित नियम अनुसार हुनेछ।

तपशिलः

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | लागत अङ्क ( भ्याट वाहेक ) रु. | धरौटी रकम रु. | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | CDRM/R/NCB/01/075/76 | ढाँडखर्क धुसेनी कोइलीवगर सिन्धुपाल्चोक सडक | २५२२२९५.४२ | ८५०००/- | ३,०००/ |
| २ | CDRM/R/NCB/02/075/76 | झुले गुम्पाटी वाङथली खाडादेवी कोइली बगर रामेछाप सडक | ५४६५१७९.६४ | १८५०००/- | ३,०००/ |
| ३ | CDRM/R/NCB/03/075/76 | कोलाती विर्ता गोठपानी कात्तिके देउराली मादनकुडारी सडक | ४२०३७५१.५२ | १४२०००/- | ३,०००/ |
| ४ | CDRM/B/NCB/01/075/76 | कृषि उपज संकलन केन्द्र | २१०१८१९.९८ | ७१०००/- | ३,०००/ |
| ५ | CDRM/V/NCB/1/075/76 | काजी थुम्का भ्यू टावर गार्डेन | ७१९१०८३.०७ | २४३०००/- | ३,०००/ |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत